नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

☎ ५४२१६१० | ५४३१००७
५४२२०५६ | ५४४४७२५
५४२५७३३ | ५४२२०५९

वेबसाइट: www.dls.gov.np
ईमेल: dg@dls.gov.np (DG)
dlsplanningmonitoring@gmail.com

पत्र सङ्ख्या:-

चलानी नं.:-

**खोरत विरुद्धको खोप (FMD Vaccine) लगाए पश्चात पशुमा देखिन सक्ने दुस्प्रभाव (Side Effects) सम्बन्धमा**

**प्रेस विज्ञप्ति**

मिति: २०८२।१०।२१

खोरेत खुरफट्टा पशु जस्तै गाई, भैंसी, भेडा, बाख्रा, सुङ्गुर/वङ्गुर आदिलाई विषाणुबाट लाग्ने अति संक्रामक सरुवा रोग हो। यो रोग लागेमा एकै पटक धेरै संख्यामा पशु विरामी हुने, ज्वरो आउने, र्याल काढ्ने, खोच्याएर हिड्ने, दूध उत्पादन घट्ने र मुख, जिब्रो, गिजा, खुरको काप आदि स्थानमा फोका आई घाउ हुने जस्ता लक्षणहरु देखिन्छ। यो रोगको कारण नेपालबाट दूध तथा दुग्धजन्य पदार्थ र मासु तथा मासुजन्य पदार्थ निर्यात गर्न समेत कठिनाई भएको छ। यो रोगले मात्र नेपालमा वार्षिक रुपमा करिब ६.४ अर्ब क्षति पुग्ने गरेको अध्ययनले देखाएको छ। तसर्थ, आर्थिक दृष्टिकोणले महत्वपूर्ण यस रोगलाई नियन्त्रण गर्नको लागि पशुलाई अनिवार्य रुपमा वर्षको दुई पटक (६-६ महिनाको फरकमा) खोप लगाउनु पर्छ। यो रोग नियन्त्रण गर्न नेपाल सरकारबाट नि:शुल्क रुपमा खोप कार्यक्रम सञ्चालन हुँदै आएको छ।

खोरेत विरुद्धको खोप लगाउँदा सामान्यतया पशुमा कुनै दुष्प्रभाव देखिदैंन। यद्यपि कहिलेकहीं केहि पशुहरुमा सामान्य तथा अस्थायी दुस्प्रभाव देखिन सक्छ।

**खोप लगाए पछि देखिने सामान्य दुष्प्रभावहरु:**

- खोप लगाएको ठाउँमा सुन्निने, गाँठो पर्ने, दुख्ने
- हल्का ज्वरो आउने, घाँसपानी कम खाने, झोक्राउने
- १-३ दिनसम्म दूध उत्पादन घट्ने

यस्ता लक्षणहरु प्राय खोप लगाएको २ देखि २४ घण्टाभित्र देखिने गर्छ र धेरैजसो लक्षणहरु २ देखि ३ दिनभित्र आफै ठिक हुन्छ। **यी लक्षणहरू सामान्य भएकोले डराउनु पर्दैन। खोप पछि देखिने हल्का प्रतिक्रिया खोपको प्रभावकारिताको संकेत पनि हो।**

**कहिलेकहीं देखिने गम्भीर दुष्प्रभाव:**

कहिलेकहीं केहि पशुहरुमा निम्नानुसारका गम्भिर दुष्प्रभावहरु पनि देखिन सक्छ।

- हाइपरसेन्सेटिभिटि/एलर्जी: कुनै कुनै पशुमा खोप लगाए पछि एक्कासि पशुलाई सास फेर्न गाह्रो हुने, छिटो छिटो स्वास फेर्ने, अचानक लड्ने, अत्याधिक र्याल तथा फिंज काढ्ने, शरीर कम्पन हुने र पशुले उपचार नपाएमा पशु बेहोस हुने र मर्न पनि सक्छ। **यस्ता लक्षण सामान्यतया खोप लगाएको केहि मिनेट देखि ३० मिनेटसम्म देखा पर्छ। तर एक दिन भन्दा बढि समय पछि यस्ता लक्षणहरु देखिदैंनन्।**
- व्याउने पशु तुहिन सक्ने: व्याउने पशुलाई खोप लगाएमा कहिलेकहीं तुहिन सक्छ।

खोप लगाए पछि माथि उल्लेख गरे बमोजिम केही दुष्प्रभाव देखिनु सामान्य हो। तर गम्भीर प्रकारको लक्षण देखिएमा खोपकर्ता वा नजिकैको पशु सेवा निकायमा खबर गरेर पशुलाई उपचार गराउनु पर्छ। **खोरेतको महामारीबाट पशुलाई जोगाउन खोप अनिवार्य छ।** तसर्थ, पशुलाई खोप लगाउन दिई रोग नियन्त्रण अभियानमा सहयोग गर्नुहुन अनुरोध छ।

डा. उमेश दाहाल
महानिर्देशक